# कालिकामाई गाउँपालिका

## एम्बुलेन्स सेवा (व्यवस्थापन तथा संचालन) कार्यविधि, २०७५

कालिकामाई गाउँपालिका

# एम्बुलेन्स सेवा (व्यवस्थापन तथा संचालन) कार्यविधि, २०७५

<u>प्रस्तावना:</u> कालिकामाई गाउँसभाको मिति २०७४।१२।२१ गतेको निर्णयानुसार यस क्षेत्रका सर्वसाधारण जनताहरुलाई आधारभूत स्वास्थ्य र सरसफाईमा सेवा पऱ्याउनको लागी सर्वसुलभ तरिकाले एम्बुलेन्स सेवा सञ्चालन गर्ने सम्बन्धमा कार्यविधि व्यवस्था गर्न वाञ्छनीय भएकोले, कालिकामाई गाउँपालिकाले नेपालको संविधानको धारा २२६ (१) बमोजिम यो कार्यविधि बनाई लागु गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u> (१) यस कार्यविधिको नाम " एम्बुलेन्स सेवा (व्यवस्थापन तथा संचालन)कार्यविधि , २०७५ " रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा :</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

क) "अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष समझ्नुपर्छ ।

ख) "उपाध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको उपाध्यक्ष समझ्नुपर्छ ।

ग) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनुपर्छ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

ङ) "गाउँपालिका" भन्नाले कालिकामाई गाउँपालिका सम्झनुपर्छ ।

च) "विषयगत शाखा " भन्नाले कालिकामाई गाउँ कार्यपालिका अन्तरगतको विषयगत शाखा, उपशाखा, कार्यालय वा इकाईलाई सम्झनुपर्छ ।

छ) "वडा सचिव" भन्नाले गाउँपालिकाको १-५ नम्बर वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडासचिव सम्झनुपर्छ ।

३. **<u>एम्बुलेन्स सवारी चालक सम्बन्धी व्यवस्था</u>** : (१) एम्बुलेन्स सवारी चालकको लागी न्युनतम योग्यता साधारण लेखपढ र **'ख'** वर्गको सवारी चालक अनुमती पत्र प्रप्त गरेको हुनु पर्नेछ ।

(२) एम्बुलेन्स सवारी चालकको नियुक्ति गाउँपालिकाले गर्नेछ ।

(३) यस्तो सवारी चालक नियुक्ति गर्दा स्थानीयलाई ग्राहयता दिइनेछ ।

(४) सवारी चालकको सेवा सुविधा र अन्य व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

द्रष्टवय : यस कार्यविधिको दफा ३ को उपदफा ३ मा सम्बन्धित वडाको स्थानीय व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

४. <u>भाडा दर :</u> (१) एम्बुलेन्स सेवा वापत न्युनतम भाडादर रू. ४००।– लाग्नेछ ।

(२) एम्बुलेन्स सेवा वापत प्रति कि.मि. रू. २०।– दरले भाडा लाग्नेछ ।

(३) यदि प्रति कि.मि. भाडा दर जोड्दा न्युनतम भाडादर भन्दा कम भएमा न्युनतम भाडादर नै लागु हुनेछ ।

(४) एम्बुलेन्स सेवा को भाडादर गाउँपालिकाको निर्णयानुसार थपघट गर्न सकिनेछ ।

५. **<u>विमा:</u>** एम्बुलेन्सको प्रचलित कानुन बमोजिम नियमानुसार विमा गर्नुपर्नेछ ।

६. <u>लगबुक राख्ने</u>: एम्बुलेन्स सञ्चालन गरको अनुसुची १ बमोजिम लगबुक भरी राख्नु पर्नेछ ।

७. **<u>अन्य काममा एम्बुलेन्स प्रयोग गर्न नपाईने</u>** : विरामीको ओसार पोसारमा बाहेक अन्य कामको लागी एम्बुलेन्स प्रयोग गर्न पाइने छैन ।

८. **<u>आम्दानी र खर्च :</u>** (१) एम्बुलेन्स संचालनमा भएको खर्च र यसबाट प्राप्त आम्दानीको विवरण छुट्टै अभिलेख तयार पार्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन बार्षिक रुपमा गाउँ सभामा पेश गर्नु पर्नेछ ।

९. **एम्बुलेन्स सेवा समन्वय तथा अनुगमन समिति** : (१) गाउँपालिकामा निम्नानुसारका एम्बुलेन्स सेवा समन्वय तथा अनुगमन समिति रहने छ ।

क) गाउँपालिकाको अध्यक्ष - संयोजक

ख) गाउँपालिकाको प्र.प्र. अधिकृत - सदस्य

ग) कार्यपालिकाका सदस्यहरु मध्येबाट १ जना महिला सहित २ जना (विषयबस्तुको जानकारी भएको भए राम्रो) - सदस्य

घ) सम्वन्धित विषयगत शाखाको शाखा प्रमुख - सदस्य सचिव

१०. **एम्बुलेन्स सेवा समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार :** एम्बुलेन्स सेवा समन्वय तथा अनुगमन समितिलाई देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछ ।

क) एम्बुलेन्स सेवा सञ्चालनमा आई पर्ने समस्या तथा विवाद सम्बन्धमा आवश्यक निर्णय गर्ने ।

ख) एम्बुलेन्सको मर्मत सम्भारमा आवश्यक रेखदेख र निगरानी गर्ने ।

ग) सफलतापूर्वक एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धमा अन्य कार्यहरु गर्ने ।

घ) कार्यविधि संसोधन सम्बन्धमा गाउँ कार्यपालिकालाई सिफारिस गर्ने ।

११. **एम्बुलेन्स सेवा समन्वय तथा अनुगमन समितिको बैठक र कार्यप्रक्रिया :** (१) एम्बुलेन्स सेवा समन्वय तथा अनुगमन समितिको बैठक कम्तिमा त्रैमासिक रुपमा बस्नेछ ।

(२) समितिको बैठक भत्ता गाउँ सभाबाट तोकिए बमोजिम हुनेछ ।

१२.**<u>एम्बुलेन्स सवारी चालकले पालना गर्नुपर्ने शर्तहरु :</u>** यस कानून बमोजोम स्थापना भै सञ्चालनमा रहेको एम्बुलेन्सको सवारी चालकले देहाय बमोजिमको शर्तहरुको अधीनमा रही कार्य गर्नुपर्नेछ ।

क) सवारी चालकले मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन पाइने छैन ।

ख) कुनै पनि समयमा एम्बुलेन्स सेवा दिन तयार हुनुपर्नेछ ।

ग) एम्बुलेन्सको सरसफाई हर्नु पेर्नेछ ।

घ) एम्बुलेन्सलाई हिफाजत साथ चलाउनु पर्नेछ ।

ङ) एम्बुलेन्स सेवामा सबै सेवाग्राहीलाई समान व्यवहार गर्नु पर्नेछ ।

च) एम्बुलेन्स सवारी चालकको सम्पर्क नम्बर सार्वजनिक गरी एम्बुलेन्स सेवालाई प्रभावकारी बनाउन सहयोग गर्नुपर्नेछ ।

छ) कुनै पनि समयमा एम्बुलेन्स चलाउन अटेर गर्न पाइने छैन ।

१३.**<u>एम्बुलेन्स चालकको बरखास्ती सम्बन्धमा :</u>** (१) गाउँपालिकाको देहायको अवस्थामा एम्बुलेन्स सवारी चालकको नियुक्ति बदर गर्न सक्नेछ ।

क) समयमा सेवा दिन तयार नभएमा ,

ख) सवारी चालकले पटक पटक मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाएमा ,

ग) प्रचलित कानून बमोजिम फौजदारी अभियोग प्रमाणित भएमा ,

(२) उपदफा (१) बमोजिम बरखास्ती गर्नु पर्ने भएमा एम्बुलेन्स चालकलाई आफ्नो भनाइ राख्ने मौका दिनुपर्नेछ ।

१४.**<u>अनुसुचीमा हेरफेर तथा थपघट गर्न सक्ने :</u>** कार्यविधिको अनूसुचीमा हेरफेर तथा थपघट गर्न गर्नु पर्ने भएमा एम्बुलेन्स सेवा समन्वय तथा अनुगमन समितिको सिफारिशमा गाउँसभाले गर्नेछ ।

१५.**<u>कर्यविधिको व्याख्या तथा संशोधन :</u>** कार्यविधिको संशोधन गर्नु पर्ने भएमा एम्बुलेन्स सेवा समन्वय तथा अनुगमन समितिको सिफारिशमा कार्यपालिकाले गाउँसभामा पेश गरी संशोधन गर्नुपर्ने छ।

## अनुसूची -१

## एम्बुलेन्स सेवा (व्यवस्थापन तथा संचालन) कार्यविधि, २०७५ को दफा ६ सँग सम्बन्धित

एम्बुलेन्स सेवा सञ्चालन गर्दा भर्नु पर्ने लक बुकको नमुना

| सि.नं. | मिति | गएको समय | पुगेको स्थान | पुगेको समय | फर्कि आएको मिति र समय |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |